माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनद्वारा
प्रदेश सभाको बैठकलाई सम्बोधन गर्नु भएको
आ.व. २०८१/०८२ को लुम्बिनी प्रदेश सरकारको

# नीति तथा कार्यक्रम

लुम्बिनी प्रदेश सरकार
वि.सं. २०८१ जेठ २१ गते, सोमबार

**प्रदेश सभाका माननीय सभामुख,**

**प्रदेश सभाका माननीय सदस्यहरू,**

१. यस गरिमामय प्रदेश सभा समक्ष लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु। यस अवसरमा म नेपालको समग्र रुपान्तरणका लागि भएका जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, थारुहट, जनजाती लगायतका राजनीतिक आन्दोलन र संघर्षको क्रममा जीवन समर्पण गर्नुहुने सबै ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता नागरिक र घाइते योद्धाप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. संघीयता कार्यान्वयनका क्रममा प्रदेश सरकार स्थापना भएको झण्डै साढे छ वर्षको कार्यकालमा प्रदेश सरकारबाट कानून निर्माण, संगठन संरचना र जनशक्ति व्यवस्थापन गरी **"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"** को दीर्घकालीन सोच पूरा गर्न सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धका कार्य प्रभावकारी रुपमा सम्पादन हुँदै आएको छ।

३. नदी सभ्यतामा आधारित आधुनिक शहर सहितको प्रदेश राजधानीलाई व्यवस्थित गर्न गुरुयोजना निर्माण भई जग्गा व्यवस्थापन, ल्याण्ड पुलिङ्ग र भौतिक पूर्वाधार निर्माणका कार्य अगाडि बढिरहेका छन्। राजधानीमा

आधुनिक शहर संरचना विकासका लागि स्रोत व्यवस्थापन गर्न संघ र स्थानीय तहसँग निरन्तर समन्वय तथा विकास साझेदारको सहभागिता जुटाउने प्रयत्न भइरहेको छ।

**सभामुख महोदय,**

४. नेपाल सरकारको नीति तथा कार्यक्रम, राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय विकासका सोच, लक्ष्य र उद्देश्यसँग सामञ्जस्यता कायम गर्दै प्रदेशको आवधिक योजना र १० वर्षे दीर्घकालीन रणनीतिक योजनाले लिएको लक्ष्य अनुसार प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट परिचालित छन्। भौतिक र सामाजिक विकासबीच सन्तुलन कायम गर्ने गरी विकास प्रयास केन्द्रित गरिएको छ।

५. प्रदेश सरकारबाट प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८० र अन्य कानून तथा संगठन संरचना निर्माण भएका छन्। स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गरिएको छ। जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अन्तर-तहगत समन्वय र सहकार्य, सेवाग्राहीमैत्री सूचना प्रविधि लगायतका शासकीय सुधार र सुशासन सुदृढ गर्ने कार्यलाई प्राथमिकता दिईएको छ।

६. राजनीतिक, वित्तीय र प्रशासनिक संघीयता कार्यान्वयनका पूर्वाधार निर्माण गरिएका छन्। प्रदेशवासीको विकास, शान्ति एवम् समृद्धिका लागि सेवा प्रवाहमा सरलीकरण, पूर्वाधार निर्माण एवम् नवप्रवर्तनात्मक प्रकृतिका कार्यक्रम सञ्चालन गरिँदै आएको छ। प्रदेशवासीको आवश्यकता बमोजिम सीप तथा क्षमता विकास, रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि गर्दै जीवनस्तरमा दिगो सुधार एवम् उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम सञ्चालन भईरहेका छन्। लुम्बिनी प्रदेशलाई **आत्मनिर्भर, समृद्ध र समुन्नत प्रदेश** बनाउन रणनीतिक प्राथमिकतामा लगानी केन्द्रित हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

**सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८१।०८२ को **नीति तथा कार्यक्रम** यस गरिमामय प्रदेश सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

७. **"व्यावसायिक कृषि: लुम्बिनी प्रदेशको समृद्धि"** भन्ने नारालाई आत्मसात गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न र कृषि उपजको आयात प्रतिस्थापन गर्न कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। भौगोलिक अवस्थिति, हावापानी, उपलब्ध

स्रोत साधनको उपयोग गर्दै कृषि उपजको तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

८. **"किसानको हात: प्रदेशको साथ"** को नारालाई आत्मसात गर्दै प्रदेश भित्रका सबै जिल्लामा बाली एवम् बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषितर्फ नवलपरासी (ब.सु.प.) मा बसन्ते मकै र आलु; रुपन्देहीमा तोरी र बसन्ते/हिउँदे मकै; कपिलवस्तुमा मसिनो धान, गहुँ र बसन्ते मकै; दाङमा तोरी र तरकारी; बाँकेमा मसिनो धान र मसुरो; बर्दियामा चैते धान, तोरी र मसुरो; पाल्पा, अर्घाखाँची, गुल्मी र प्यूठानमा सुन्तला र कागती जातका फलफूल र तरकारी; रोल्पा र रुकुम (पूर्वी भाग)मा स्याउ र वर्षे आलुलाई विशेष प्राथमिकता दिई प्रवर्धन गरिनेछ।

९. पशुपन्छीतर्फ नवलपरासी (ब.सु.प.) र बर्दियामा भैंसी र बङ्गुरपालन, रुपन्देहीमा गाई/भैसी, गुल्मी र दाङ्गमा भैंसी र बाख्रापालन, कपिलवस्तु र बाँकेमा भैंसी र माछापालन, पाल्पा र रोल्पामा बङ्गुर र बाख्रापालन, अर्घाखाँचीमा गाई/भैसी र बाख्रापालन एवं प्यूठान र रुकुम (पूर्वी भाग)मा भेडापालन र बाख्रापालनलाई प्रवर्धन गरिनेछ।

१०. कृषिको प्रमुख आधार सिँचाइलाई प्राथमिकता दिई साना सिँचाइ आयोजना मार्फत थप २५० हेक्टर सिंचित क्षेत्र

विस्तार गरिनेछ। विभिन्न जिल्लामा निर्माण भएका सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा थप १५०० हेक्टरमा बाली सघनता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

११. **"स्वस्थ जीवनको आधार: माटोमा सुधार"** नाराका साथ माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गरी दीगो उर्वराशक्ति कायम राख्दै माटो व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउन दीर्घकालीन कार्ययोजना बनाई लागु गरिनेछ। रासायनिक मलको प्रयोगलाई व्यवस्थित गर्दै वैकल्पिक जैविक स्रोतको प्रवर्धन गरिनेछ।

१२. कृषिको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र रैथाने बाली तथा स्थानीय पशुपन्छीहरूको प्रवर्धनमा जोड दिइनेछ। स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा स्वदेशी उत्पादनलाई प्रवर्धन गर्न कृषिमा आधारित साना प्रशोधन उद्योगलाई प्रोत्साहन गरिनेछ। उत्पादित वस्तुको उचित गुणस्तर कायम गर्दै कृषि उद्योगलाई गरिबी निवारणको भरपर्दो माध्यमको रुपमा विकास गरिनेछ।

१३. स्थानीयस्तरमा उत्पादित कृषि उपजको वजारीकरणमा सहजता ल्याउन स्थानीय तहसँगको समन्वयमा फार्म मार्केट, डिजिटल मार्केट लगायतका डिजिटल प्रविधिको प्रयोग गरी "किसान देखि बजारसम्म" अवधारणा कार्यान्वयन गरिनेछ।

१४. जलवायु परिवर्तनका कारण खेती प्रणाली तथा पशुपन्छीको उत्पादनमा पर्ने संभावित जोखिम न्यूनीकरणका लागि उपयुक्त प्रविधि अवलम्बन गर्न आम कृषकलाई सुसूचित गर्ने व्यवस्था मिलाइनेछ।

१५. उन्नत प्रविधि अवलम्बन तथा विस्तार गर्न, बालीनाली तथा पशुपन्छी उत्पादनमा देखिने प्राविधिक समस्या समाधान गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित निकाय र स्थानीय तहसँगको समन्वयमा कृषकमा नियमित रुपमा प्राविधिक सेवा उपलब्ध गराइनेछ। कृषक समूहमा प्राविधिक सेवा पुऱ्याउनका लागि सूचना प्रविधिको महत्तम उपयोग गरिनेछ।

१६. प्रदेश भित्रका कृषकको पहिचान र वर्गीकरण गरी कृषकले उत्पादन गरेको बाली/वस्तुमा उत्पादनमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ। उक्त अनुदानलाई थप प्रभावकारी र वस्तुपरक बनाउन वास्तविक समयमा आधारित अभिलेख प्रणालीको विकास गरी प्रयोगमा ल्याइनेछ।

१७. उन्नत बीउ तथा नश्लमा कृषकको पहुँच वृद्धि गर्न गुणस्तरीय बीउ, बिरुवा, नश्ल तथा मत्स्य भुरा उत्पादनका लागि सहकारी, कृषक समूह र निजी स्रोत केन्द्रलाई कृषकको माग बमोजिम उत्पादन गर्न

प्रोत्साहन गरिनेछ। संभाव्य स्थानमा सरकारी स्रोत केन्द्रको स्थापना तथा स्तरोन्नति गर्दै लगिनेछ।

१८. बाँझो जमीनलाई उपयोगमा ल्याउने नीति अबलम्वन गरिनेछ। बाँझो जग्गामा उत्पादन र उत्पादकत्व बढाउन करार खेती कार्यक्रमलाई समयसापेक्ष परिस्कृत गरी लक्षित वर्गलाई समावेश गरिनेछ। स्थानीय तहसँगको समन्वयमा भूमि बैंकको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। स्थानीय तहसँगको सहकार्यमा बगर खेतीलाई प्रोत्साहन गरिनेछ।

१९. कृषिजन्य उत्पादनलाई कृषि उद्योग, संकलन केन्द्र एवम् शीत भण्डारसँग जोडी उपजको प्रवर्धन र बजारीकरण गरिनेछ। अधुरा शीत भण्डार निर्माण सम्पन्न गरी निर्मित संरचनाको मर्मत गरिनेछ। शीत भण्डार तथा वधशाला स्थानीय तहबाट सञ्चालन हुनेगरी हस्तान्तरण गरिनेछ। यस्ता संरचनाका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता सुनिश्चित गर्न लक्षित क्षेत्रमा बाली उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्मार्ट कृषि गाउँ तथा अन्य सफल कार्यक्रमको सिकाई अनुसरण गर्ने नीति लिईनेछ।

२०. बालीनाली र पशुपन्छी सम्बन्धी रोगको नमूना परीक्षण र निदान गर्न प्रयोगशालाको स्तरोन्नति तथा सुदृढीकरण गरिनेछ। पशुपन्छीको उपचार र रोग निदान सेवालाई

थप प्रभावकारी बनाउन भेटेरिनरी अस्पतालको स्तरोन्नति गर्दै लगिनेछ।

२१. कृषि तथा पशुजन्य वस्तुको अवैध पैठारी रोक्न स्थानीय प्रशासनसँग समन्वय गरिनेछ। कृषि तथा पशुजन्य वस्तुको आयात निर्यातमा स्वस्थता प्रमाणिकरण गर्न संघीय सरकारसँगको समन्वयमा प्लाण्ट तथा पशु क्वारेण्टाईन र विषादी व्यवस्थापनलाई प्रभावकारी वनाईनेछ।

२२. सामुदायिक पशुचौपायाको ब्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वयमा गौशालाको व्यवस्थापनमा सहयोग गरिनेछ। गौशालालाई प्राङ्गारिक मल उत्पादन लगायतका अन्य उत्पादनमार्फत आय आर्जनका लागि प्रोत्साहन गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२३. माछाको उत्पादकत्व बृद्धि तथा उत्पादन लागत कम गर्न प्राविधिक सेवा, उत्पादन सामग्री, औषधी तथा यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ। नयाँ पोखरी निर्माण र पुराना पोखरी मर्मत कार्यक्रमलाई विस्तार गरिनेछ। माछा पोखरी र शीत भण्डार सञ्चालनमा प्रयोग हुने विद्युत महसुलमा सहुलियत उपलब्ध गराईनेछ।

२४. पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोग नियन्त्रण गरी कृषकलाई हुने हानी नोक्सानी न्यूनीकरण गर्न ४५

लाख डोज खोप सेवा उपलब्ध गराइनेछ। गुल्मी र अर्घाखाँची जिल्लालाई **खोरेत रोगमुक्त** बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

२५. पशुपन्छीमा देखा पर्ने रोग तथा दुधालु पशुमा देखिने बाँझोपन निवारणका लागि खोप तथा शिविर मार्फत आधारभूत औषधी निःशुल्क रूपमा उपलब्ध गराइनेछ। पशुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न ४० हजार निःशुल्क सहित एक लाख पशुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ। पशुपालन व्यवसायमा उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्रवर्धन गरिनेछ।

२६. कृषि क्षेत्रको विकासमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। सीमान्तकृत, मुक्त कमैया/कम्लरी, भुमिहीन, गरिव घरपरिवार परिचयपत्र प्राप्त विपन्न नागरिकलाई लक्षित गरी आयआर्जन तथा स्वरोजगारमूलक कार्यक्रम ल्याईनेछ। कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी क्षमता एवम् उद्यमशीलता विकास तथा बीमा सम्बन्धी कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरिनेछ।

२७. स्वच्छ र स्वस्थ कृषिजन्य उपज उपभोगका लागि रासायनिक विषादी तथा प्रतिजैविक पदार्थको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ। पशुजन्य उत्पादनको गुणस्तर कायम गर्न

एवम् खाद्य स्वच्छताको सुनिश्चितताका लागि **असल पशुपालन अभ्यास र असल उत्पादन अभ्यास** अवलम्बन गरी स्वस्थकर उत्पादन र उपभोगलाई प्रोत्साहन गरिनेछ।

२८. प्राङ्गारिक खेतीको प्रवर्धन गर्न नमूनाको रूपमा प्राङ्गारिक जिल्ला घोषणा भएको रुकुम (पूर्वी भाग) मा कृषि उपजको प्राङ्गारिक उत्पादन, प्रमाणिकरण र बजारीकरणमा आवश्यक सहयोग गरिनेछ।

२९. व्यावसायिक रुपमा उत्पादन भइरहेका उच्च मूल्यका कफी, मह, च्याउ, पुष्प, पस्मिना, छुर्पी, ऊन लगायतका बाली तथा वस्तुको व्यावसायिकरण, बजारीकरण तथा प्रशोधन उद्योग स्थापनाका लागि समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।

३०. कृषि ऋणमा पहुँच वृद्धि गर्ने र व्यवसायमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालित शुलभ कर्जा ब्याजमा अनुदान कार्यक्रमलाई सरलीकृत गर्दै विस्तार गरिनेछ। कृषि क्षेत्रमा हुने लगानी र प्रतिफललाई सुनिश्चित गरी जोखिम न्यूनीकरण गर्न कृषि बीमा कार्यक्रमलाई विस्तार गरिनेछ। बीमालेख तयारी र भुक्तानी दाबीलाई सरलीकृत गर्न डिजिटल माध्यमलाई प्रयोगमा ल्याउन शुरुवात गरिनेछ।

३१. आगलागी, डुबान, असिना, खडेरी, अतिवृष्टि, अनावृष्टि, भू-क्षय, महामारी रोग, किरा लगायतका प्राकृतिक

प्रकोप तथा विपदका कारण क्षति व्यहोरेका कृषकको पुनःस्थापनाका लागि वस्तुगत सहायता उपलव्ध गराईनेछ।

३२. भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि जग्गाको नापजाँच गर्न र जग्गाधनी दर्ता स्रेस्ता तथा पूर्जा तयार गर्न आवश्यक सहजिकरण गरिनेछ।

३३. आधुनिक प्रविधि र पद्धतिको अवलम्वन गरी डिजिटल प्रविधिबाट जग्गाको नापजाँच गर्न संस्थागत र कानूनी व्यवस्था गरिनेछ। प्रादेशिक भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ। कृषियोग्य जग्गाको संरक्षणका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

**सभामुख महोदय,**

३४. उद्योग तथा बाणिज्य फर्म दर्ता, नवीकरण र खारेजीमा लाग्ने शुल्कलाई न्यूनतम बनाई प्रकृयालाई विद्युतीय प्रणालीमा आवद्ध गरी सरल एवम् सहज बनाउँदै प्रदेशभर दर्ता र नवीकरणलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

३५. रोल्पा र रुकुम (पूर्वी भाग) लाई अल्लो, कम्बल र स्लेट ढुङ्गा, प्यूठानलाई अल्लो, दाङलाई छालाजन्य बस्तु, हातेकागज र खुकुरी, गुल्मीलाई गुण, कफी र स्लेट ढुङ्गा, पाल्पालाई ढाका तथा करुवा, बर्दियालाई

बेतबाँस, नवलपरासी (ब.सु.प.) लाई उखु, केरा र पटेरबाट निर्माण गरिने हस्तकलाका सामग्री उत्पादनको सघन क्षेत्रको रुपमा विकास गर्दै जाने र अन्य जिल्लामा पनि उत्पादन सम्भावनाका आधारमा क्षेत्र पहिचान गरी निजी क्षेत्र, सहकारी र स्थानीय तहसँगको सहकार्यमा सीप र प्रविधि उपलव्ध गराइने नीति लिईनेछ।

३६. स्थानीय कच्चा पदार्थमा आधारित कागज उद्योगलाई सार्वजनिक तथा निजी साझेदारी मोडलमा स्थापना तथा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

३७. बजारमा खाद्य तथा गैह्रखाद्य वस्तुको उचित मूल्य, गुणस्तर एवम् सहज उपलब्धता हुन सक्ने गरी प्रदेशभित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी बनाउन सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका ईकाइसँग समन्वय गरिनेछ। बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

३८. रोजगारी क्षेत्रको पहिचान, श्रम सम्बन्ध, सामाजिक सुरक्षा, श्रमशक्ति आपूर्ति व्यवस्थापन लगायतका विषय समेटी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ। असंगठित क्षेत्रमा क्रियाशील श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराईनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र पूँजीको उपयोगका लागि लगानीको वातावरण निर्माण र आवश्यक प्रविधि

उपलव्ध गराई प्रोत्साहन गरिनेछ। रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि स्थानीय तहको सहकार्यमा तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरिनेछ।

३९. वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना, सीपयुक्त तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, न्यायमा पहुँच लगायतका कार्यक्रमसहित प्रदेशका नौ वटा जिल्लामा सञ्चालन हुँदै आएको सुरक्षित आप्रवासन कार्यक्रमलाई संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा थप तीन जिल्लामा विस्तार गरी आगामी आर्थिक वर्षदेखि प्रदेशभर लागू गरिनेछ।

४०. उद्यमी महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित समुहबाट भएका उत्पादनलाई बजार प्रबर्द्धन गरी जीविकोपार्जनमा सहयोग पुऱ्याउन उद्यमशीलता प्रबर्द्धन र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। बेरोजगार युवा लक्षित उद्यमशीलता सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम र सीप परीक्षण सहितको सीपमूलक तथा उद्यमशीलता विकास तालिम प्रदान गरी आवश्यकता बमोजिम प्रविधि समेत हस्तान्तरण गरिनेछ। विपन्न, महिला, दलित, मुक्त कमैया, कम्लरी तथा सीमान्तकृत वर्ग, जाति र समुदायमा उद्यमशीलता विकासमार्फत स्वरोजगारीका अवसर सिर्जना गरिनेछ।

४१. सहकारी संस्थामा देखिएका समस्या न्यूनीकरण गरी सर्वसाधारणको बचत सुरक्षित गर्न संघीय सरकार, स्थानीय तह तथा सहकारी सम्बद्ध संघ/महासंघसँग आवश्यक समन्वय गरी नियमन गरिनेछ। वित्तीय कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन आन्तरिक तथा बाह्य अनुगमनलाई नियमित एवम् प्रभावकारी बनाइनेछ। सहकारीको विकासको लागि नीतिगत, कानूनी तथा संरचनागत सुधार गर्नुका साथै नियमन कार्यलाई थप प्रभावकारी बनाइनेछ।

४२. सहकारी विकास कोषमार्फत सहुलियतपूर्ण कर्जा प्रदान गरी उद्यमशीलताको विकास गरिनेछ। सहकारी प्रवर्द्धन कोषको रकमलाई सहकारीमा कार्यरत जनशक्तिको प्रविधि र क्षमता विकासमा अधिकतम उपयोग गरी आन्तरिक सुशासन प्रवर्द्धन गरिनेछ। उत्पादक सहकारी, श्रम सहकारी, सेवामूलक सहकारी, उपभोक्ता सहकारी लगायतका विषयगत सहकारीको विकास र प्रवर्द्धनमा सहयोग हुनेगरी आवश्यक व्यवस्था मिलाईनेछ। आर्थिक सशक्तिकरणका लागि महिलाबाट सञ्चालित उत्पादन सहकारी संस्थाको सशक्तिकरण र दिगोपनामा जोड दिईने छ ।

४३. प्राचीन स्मारक तथा पुरातात्विक/सांस्कृतिक सम्पदा एवम् पर्यटकीय स्थलको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण गरी स्थानीय तह समेतको समन्वय र सहकार्यमा पर्यटकीय गन्तव्यको रुपमा विकास

गरिनेछ। पर्या-पर्यटन प्रवर्द्धनका लागि **पर्यटनसँग वन कार्यक्रम** सञ्चालन गरिनेछ ।

४४. रोल्पा र रुकुम (पूर्वी भाग) का उच्च पहाडी तथा हिमाली क्षेत्रका मनोरम स्थललाई साहसिक एवम् साँस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ। रुपन्देहीको ऐतिहासिक जितगढी किल्लामा रहेको सुरुङको संरक्षण गर्दै जितगढी-नुवाकोट क्षेत्र एवम् कपिलवस्तुको ऐतिहासिक शिवगढीलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ।

४५. सीमावर्ती छिमेकी मुलुक र आन्तरिक पर्यटकलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटनमैत्री वातावरण सिर्जना गरिनेछ। पर्यटकको आवागमनमा सहजता ल्याउन स्थानीय प्रशासनसँग समन्वय गरिनेछ। नवलपरासी (ब.सु.प.) को महलपोखरी, दाङ्ग देउखुरीको देवीकोट, अर्घाखाँचीको नरपानी, रोल्पाको रुण्टिगढी (होलेरी) र पाल्पाको ख्याहा क्षेत्रलाई हिल स्टेशनको रुपमा विकास गरिनेछ।

४६. लुम्बिनीलाई केन्द्रबिन्दु बनाई देवदह, तगौंली ताल, ककरपत्तानगर, बुद्ध मंगल ताल, रामग्राम स्तुपा, पण्डितपुर, अनोमाघाट, सैनामैना, सगरहवा, निग्लिहवा, कुदान र तिलौराकोट लगायतका स्थल समावेश गरी **"लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन कार्यक्रम"** तयार गरी संघीय सरकारको समन्वयमा अगाडि बढाईनेछ।

कपिलवस्तुको तिलौराकोटदेखि लुम्बिनी सम्म मायादेवी पद मार्ग निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ।

४७. लुम्बिनी प्रदेशको मौलिक अवस्था, संस्कृति र जलवायु अनुकूल स्थानीय आर्थिक प्रणालीको अध्ययन अनुसन्धान एवं विकासका लागि **लुम्बिनी बौद्ध शिखर सम्मेलनको आयोजना** गरिनेछ।

४८. **"लुम्बिनी-ढोरपाटन-दुनै-जुम्ला खलङ्गा-रारा-काँक्रेविहार-कोहलपुर-लुम्बिनी"** जोड्ने गरी बुद्ध पर्यटकीय पदमार्ग र **देवघाट-रुरुधाम-मुक्तिनाथ-दामोदर** कुण्ड समेटिएको धार्मिक मार्गको सम्भाव्यता अध्ययनका लागि अन्तरप्रदेश समन्वय गरिनेछ।

४९. पाल्पा दरबार संग्रहालयमा ऐतिहासिक, धार्मिक र पुरातात्विक सामग्रीको व्यवस्था गर्दै प्रदेशकै नमूना संग्रहालयको रुपमा विकास गर्दै लगिनेछ। स्थानीय तहसँगको सहकार्यमा पाल्पाको रानी महललाई पर्यटकीय केन्द्रको रुपमा प्रवर्द्धन गरिनेछ । प्रदेश सरकारबाट निर्माण सम्पन्न भएका साँस्कृतिक डबली सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिनेछ। जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्र, गुफा, पाटन, लेक, तालतलैया, झरनाको संरक्षणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

५०. कालीगण्डकी र शालिग्रामको महिमा दर्शाउन रुरुक्षेत्रमा स्थानीय तहको सहकार्यमा शालिग्राम

महोत्सव तथा पूर्वीय दर्शनका विज्ञको सन्त सम्मेलन आयोजना गरी रुरुक्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ। प्यूठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, अर्घाखाँचीको सुपा देउराली लगायत प्रदेशका महत्वपूर्ण धार्मिक स्थलको संरक्षण र पर्यटकीय प्रवर्द्धन गरिनेछ।

५१. पुर्खाको अभ्यास र अनुभवबाट वैज्ञानिक जीवन पद्धतिको ज्ञानलाई जीवन्तता दिन संस्कृतिको पुस्तान्तरण (ब्याक टु कल्चर) र प्राकृतिक जीवनशैलीको सम्मान (ब्याक टु नेचर) सम्बन्धी सन्देश प्रसार हुनेगरी प्रदेश भित्रका विभिन्न जातजातिको खाना, भेष-भूषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि सांस्कृतिक तथा पर्यटकीय मेला/महोत्सवको आयोजना गर्न सरोकारवालासँग सहकार्य गरिनेछ।

**सभामुख महोदय,**

५२. अन्तर स्थानीय तह एवम् अन्तर जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिँदै प्रदेश सडक सञ्जाल गुरुयोजनामा समावेश भएका सडकको निर्माण एवम् स्तरोन्नति गरिनेछ। सीमा सुरक्षा पोष्टलाई एक-आपसमा सडक सञ्जाल मार्फत जोड्ने कार्यलाई प्राथमिकता दिइनेछ। नयाँ निर्माण हुने सडक पूर्वाधारलाई अपाङ्गतामैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

५३. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको रामपुर-कपुरकोट सडकको स्तरोन्नति कार्यलाई छुट्टै आयोजनाको रुपमा प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाईनेछ।

५४. प्रदेशमा आर्थिक क्रियाकलाप चलायमान हुने गरी कृषि पकेट क्षेत्रमा कृषि सडक, पहिचान भएका पर्यटकीय क्षेत्रमा पर्यटन स्थल पहुँचमार्ग, सीमाक्षेत्रका व्यापारिक नाकामा पहुँच पुग्ने गरी सीमाक्षेत्र सडक कार्यक्रम र महत्वपूर्ण उद्योग जोड्ने उद्योगस्थल पहुँच मार्ग निर्माण गर्न प्राथमिकता दिइनेछ। नजिकको मुख्य सडकसँग स्थानीय तहका केन्द्र जोड्ने स्थानीय तह पहुँच मार्ग सडकको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५५. सडक पूर्वाधार विकासका सबै चरणमा विपद् उत्थानशील, प्राकृतिक सौन्दर्यता, वातावरणमैत्री र सुरक्षा प्रवन्ध गरिनेछ। प्रदेश गौरव तथा रूपान्तरणकारी आयोजनाको पहिचान गरी कार्यान्वयनमा प्राथमिकता दिइनेछ। सडक मर्मत सम्भार नहुँदा सडकमा गरिएको लगानी ह्रास हुने भएकाले निर्मित सडक सम्पत्ति संरक्षण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५६. सडक सुरक्षा कार्यलाई प्रभावकारी बनाउन प्रदेश लोकमार्ग तथा प्रदेश मार्गमा रहेका दुर्घटना जोखिम स्थलको पहिचान गरी सडक भू-बनोट सुधार कार्यलाई

प्राथमिकता दिईनेछ । सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ। जोखिम स्थलमा आवश्यकता अनुसार छेकाबार, सावधान संकेत, रिफ्लेक्टेड साईनबोर्ड, खतरनाक घुम्ती मोडमा कन्भेक्स मिरर, सडक सुरक्षा जाँचस्थल व्यवस्थित गर्न रिफ्लेक्टेड चेकिङबोर्ड, ह्विल लकको प्रयोग, अधिक गतिबाट हुने दुर्घटना न्यूनीकरण गर्न लाईडर गन, स्मार्ट सवारी चालक अनुमतिपत्र जाँच गर्ने स्मार्ट लाईसेन्स रिडेवल मेसिन लगायतका साधनको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई सुरक्षित बनाइनेछ। सवारी दुर्घटना न्यूनीकरण तथा यातायात अनुगमन प्रणालीलाई व्यवस्थित गर्न सवारी जोखिम न्यूनीकरण सम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ।

५७. प्रदेशका पूर्वाधार आयोजनामा काम गर्ने श्रमिकको कार्यस्थलमा सुरक्षा, दुर्घटना बीमा, सुरक्षा औजार तथा कामदारको ज्याला प्रासिको सुनिश्चितताका लागि श्रमिकमैत्री नीति लिइनेछ ।

५८. कपिलवस्तुमा निर्माणाधीन गुणस्तर परीक्षण प्रयोगशाला भवनलाई प्राथमिकता दिई निर्माण कार्य सम्पन्न गरिनेछ। निर्माण क्षेत्रमा हुने कार्यको गुणस्तर सुनिश्चित गर्न जनशक्ति, यन्त्र तथा उपकरणको व्यवस्था गरी परीक्षण कार्य शुरु गरिनेछ।

५९. बर्दियाको राजापुर भन्सारदेखि पकरियापुर सीमा सडकको बुढीकुलोमा नयाँ प्रविधिमा आधारित सिग्नेचर ब्रीज निर्माण गरी पर्यटक आकर्षणको क्षेत्र बनाईनेछ। बाँकेको राँझा एअरपोर्ट देखि बर्दियाको राजापुर जोड्ने सडकलाई पर्यटन लोकमार्गको रुपमा विकास गरिनेछ।

६०. विकट बस्ती र समुदाय लाभान्वित हुने गरी लामो तरीको झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिंदै स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पुलमा प्रदेश सरकारबाट प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

६१. प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको सडक अधिकार क्षेत्र तोकी राजपत्रमा प्रकाशित गर्ने कामको शुरुवात गरिनेछ। प्रदेश लोकमार्ग तथा प्रदेश मार्गलाई बाह्रै महिना सञ्चालन हुने सडकको रूपमा विस्तार गर्न त्यस्ता सडकमा पर्ने पुल निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । प्रदेश सरकार मार्फत निर्माण हुने भवन, सडक, पुल लगायतका पूर्वाधारमा प्रादेशिक पहिचान चिन्ह राख्न प्रारम्भ गरिनेछ।

६२. सडक यातायात सेवालाई सुरक्षित, भरपर्दो, सरल एवम् सुलभ बनाउन कानूनी, नीतिगत तथा संस्थागत सुधार गरिनेछ। सवारी साधनको दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र, रुट ईजाजत, पटके, सवारी कर र अन्य सेवालाई पूर्णरुपमा विद्युतीय प्रणालीमा आबद्ध

गरिनेछ। ट्रायल सेन्टर निर्माण एवम् निर्माण भएका ट्रायल सेन्टरको स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ।

**सभामुख महोदय,**

६३. **"कृषिको आधार: सिँचाइमा सुधार"** भन्ने मूल नारा अनुसार कृषि पकेट क्षेत्रमा परम्परागत सतह, भूमिगत तथा आधुनिक सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गरिनेछ। विद्यमान सिँचाइ संरचनाको सुदृढीकरण र सिँचाइ प्रणालीको पुनर्स्थापना तथा मर्मत सम्भार गरिनेछ। पहाडी भेगमा सतही तथा भूमिगत पानी लिफ्ट गरी टार तथा बस्तीका खेतबारी हराभरा गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। जलवायू अनुकुलनमा टेवा पुग्ने गरी बर्षातको पानी संकलन गर्न कृत्रिम पोखरी, जलाशय निर्माण र पुराना ताल तथा पोखरीको संरक्षण गरिनेछ।

६४. प्रदेश गौरवका सिँचाइ आयोजनाको पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ।संघीय सिँचाइ नीति, सिँचाइ गुरुयोजना तथा प्रदेशका सिँचाइ सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण गरी प्रदेशको सिँचाइ गुरुयोजना तयार गरिनेछ। भूमिगत जल पुनर्भरण क्षेत्र पहिचानको लागि बिस्तृत अध्ययन प्रारम्भ गरिनेछ।

६५. सम्भाव्यताका आधारमा भूमिगत सिँचाइ प्रणालीको विकास गर्नेगरी स्यालो ट्युबवेल सिँचाइको विकास गरिनेछ। डिप ट्युबवेल सिँचाइ प्रणालीको मर्मत

सम्भार, सुदृढीकरण तथा पुनर्निर्माण गरी वर्षैभरी सिँचाइ सुविधा उपलव्ध हुने सुनिश्चितता गरिनेछ।

६६. हालसम्म निर्माण सम्पन्न भएका सिँचाइ योजनाको संचालन तथा दिगो व्यवस्थापनका लागि जल उपभोक्ता समितिलाई सक्षम र प्रभावकारी बनाउन थप सहयोग र क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

६७. जल उत्पन्न प्रकोपको जोखिममा रहेका क्षेत्र पहिचान गरी प्राथमिकताको आधारमा जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ। नदी कटान, डुवान र बाढीको समस्या समाधान गर्न समग्र नदीको व्यवस्थापन हुनेगरी अध्ययन कार्यलाई अगाडि बढाइनेछ।

६८. संघ तथा स्थानीय सरकारको समन्वयमा ग्रामीण विद्युतीकरण तथा बैकल्पिक ऊर्जाको समेत प्रयोग गरी विद्युतीकरण नभएका एवम् अन्तराष्ट्रिय सीमा क्षेत्रका बस्तीमा विद्युत वितरण लाईन विस्तार गरी **"उज्यालो लुम्बिनी प्रदेश"** अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।

६९. स्वच्छ ऊर्जाको अधिकतम प्रयोग गर्न प्रोत्साहनका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ। घरायसी तथा संस्थागत रुपमा उपभोगको लागि बायोग्यास र बिद्युतीय चुलोको प्रयोग मार्फत पेट्रोलियम पदार्थको आयात घटाउन सहयोग पुऱ्याइनेछ।

७०. ग्रामीण क्षेत्रमा रहेका काठका पोलको विस्थापन, ट्रान्सफर्मरको मर्मत तथा क्षमता वृद्धि, विद्युत वितरण प्रणालीको स्तरोन्नति गरी ग्रामीण विद्युत भार क्षमता बढाईनेछ। शहरी क्षेत्रमा स्थानीय तहको सहकार्यमा हाईमास्ट एवम् बहुरङ्गी सडक बत्तीको प्रयोग गरी शहरी सौन्दर्य वृद्धि गरिनेछ।

७१. लिफ्ट सिँचाइ र भूमिगत सिँचाइ योजनाको संचालनमा सौर्य ऊर्जा प्रविधिको प्रयोगमा जोड दिइनेछ। संस्थागत विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, लगायतका स्थानमा सौर्य ऊर्जा प्रविधि जडान कार्यलाई निरन्तरता दिइनेछ। संघीय उर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा स्थानीय तहसँगको समन्वयमा कृषि उत्पादन क्षेत्रमा विद्युतीकरण र महशूलमा छुट तथा अन्य सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

७२. ग्रामीण क्षेत्रमा रहेका स-साना मूल, सिमसार, खोल्सा तथा खोलाको पानीको उपयोगका लागि पम्म, पाइप र पोखरीको प्रयोग गरी कृषकका खेत तथा पाखोबारीमा सिंचाई सुविधा पुर्याइनेछ।

७३. उर्जा, जलस्रोत तथा सिचाई क्षेत्रको अध्ययन अनुसन्धान, तालिम गुणस्तर निर्धारण सम्बन्धी कार्यको लागि जलस्रोत अध्ययन तथा अनुसन्धान इकाईको स्थापना गरिनेछ। प्रदेशमा बिद्युत तथा सिँचाइ क्षेत्रको

विकास, अनुगमन तथा नियमन गर्न आवश्यक कानून तर्जुमा गरिनेछ।

**सभामुख महोदय,**

७४. प्रदेश सरकारको **"एक घरः एक धारा"** को सङ्कल्पलाई पुरा गर्न स्थानीय तहसँग सहलगानी/सहकार्यको माध्यमबाट **"जनतासँग प्रदेश सरकार खानेपानी विकास कार्यक्रम"** संचालन गरिनेछ। हाल सञ्चालित ८० प्रतिशत कार्य सम्पन्न भैसकेका १६८ क्रमागत आयोजनालाई आर्थिक वर्ष २०८१/०८२ भित्र सम्पन्न गरी थप ७ लाख ४ हजार ३८८ जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याइनेछ। अन्य क्रमागत आयोजनालाई **वाश प्लानको** प्राथमिकीकरण र भौतिक प्रगतिको आधारमा बर्गीकरण गरी सम्पन्न गर्दै लगिनेछ। खानेपानी क्षेत्रमा जनसहभागिता परिचालन गर्ने विद्यमान नीतिगत व्यवस्थालाई समयानुकूल सुधार गरिनेछ।

७५. लुम्बिनी प्रदेशका सबै स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वाश प्लान) निर्माणलाई पूर्णता दिइनेछ। योजनाको प्राथमिकीकरण अनुसार बजेट विनियोजन हुने व्यवस्था मिलाईनेछ।

७६. प्रदेशमा हाल ७.६% जनसंख्यामा उपलव्ध भएको सुरक्षित खानेपानी सेवाको पहुँच वृद्धि गर्न **खानेपानी गुणस्तर सुधार कार्यक्रम** सञ्चालन गरिनेछ। प्रदेश

सरकार, स्थानीय तह र खानेपानी तथा सरसफाइ क्षेत्रमा क्रियाशील संघसंस्थासँगको सहकार्यमा खानेपानी शुद्धिकरणका विधि प्रयोग गरी सुरक्षित खानेपानीयुक्त समुदाय (सेफ वाटर कम्युनिटी) निर्माण कार्यलाई निरन्तरता दिइनेछ। निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गरी सोही आयोजनाबाट प्रदेश प्रशासनिक परिसर भित्र सुरक्षित खानेपानीको व्यवस्था मिलाईनेछ।

७७. जलवायु परिवर्तनको कारणबाट ह्रास हुँदै गएका परम्परागत पानीका स्रोत एवम् तराई मधेशमा वर्षेनी घट्दै गइरहेको भुमिगत पानीको सतहलाई संरक्षण गर्न स्रोत संरक्षण र पुनर्भरण प्रणाली निर्माण गरिनेछ।

७८. प्रदेश भित्रका दुर्गम, पिछडिएका तथा खानेपानीको सहज पहुँचबाट वञ्चित भएका बस्तीको पहिचान गरी सुरक्षित खानेपानी सेवा विस्तार गरिनेछ। दाङको कोइलावास लगायत सीमावर्ती बस्तीमा **खानेपानी क्षेत्र विशेष कार्यक्रम** लागू गरिनेछ।

७९. पूर्व-पश्चिम लोकमार्गमा पर्ने नवलपरासीको बर्दघाट, रुपन्देहीको सैनामैना र कपिलवस्तुको चन्द्रौटामा निर्माणाधीन पुनर्ताजगी केन्द्र (रिफ्रेस सेण्टर) को पहिलो चरणको निर्माण कार्य सम्पन्न गरी सञ्चालनको लागि स्थानीय तहलाई हस्तान्तरण गरिनेछ।

८०. स्थानीय तहसँगको समन्वय र सहकार्यमा पूर्ण सरसफाइ उन्मुख कार्यक्रम संचालन गर्दै आवश्यकता

अनुसार सार्वजनिक स्थलमा वाटर एटिएम तथा लैङ्गिकमैत्री सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

८१. खानेपानी आयोजनाको दिगो व्यवस्थापन एवम् सञ्चालनका लागि कार्यालय तथा उपभोक्ता संस्थामा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

८२. विपद्मा परेका तथा जोखिममा रहेका बस्तीको स्थानान्तरण र प्रभावित क्षेत्रको पुनःनिर्माणका लागि स्थानीय तहको सहकार्यमा आवास, बाटो, खानेपानी सहितको बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ। कृषि पेशामा आधारित विपद् प्रभावित परिवारलाई कृषि पेशामा नै जनजीविकाको पुनर्स्थापना हुनेगरी बस्ती विकास गरिनेछ। विपद्बाट प्रभावित भएका समुदायलाई तत्काल छोटो समयका लागि आश्रय दिन प्रदेशका विभिन्न स्थानमा आपत्कालीन आश्रय स्थल (ईमर्जेन्सी सेल्टर) को व्यवस्था गरिनेछ।

८३. पहाडबाट तराईमा बढ्दो बसाइँसराइ निरुत्साहन गर्न एवम् छरिएर रहेका बस्तीलाई एकीकृत गर्न बाक्लो बस्ती रहेका उपयुक्त स्थानको पहिचान गरी हरियाली सहितको शहरी पूर्वाधार, गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारी सहितको व्यवस्थित **"नमुना बस्ती विकास कार्यक्रम"** सञ्चालन गरिनेछ। शहरी तथा शहर उन्मुख क्षेत्रका संभाव्य स्थानमा स्थानीय तहसँगको समन्वय र

सहकार्यमा हरियाली सहितको खुला पार्क निर्माण गरी शहरी सौन्दर्यता अभिवृद्धि गर्दै लगिनेछ।

८४. प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको लुम्बिनी प्रदेश राजधानी दाङ देउखुरीमा निर्माणाधीन संरचनाको निर्माण कार्यलाई तिव्रता दिई निर्धारित समय भित्र सम्पन्न गर्नका लागि स्रोतको व्यवस्था गरिनेछ।

८५. आर्थिक वर्ष २०७५।७६ मा नेपाल सरकारबाट हस्तान्तरण भएका सशर्त अनुदानमा सञ्चालित जनता आवास कार्यक्रम अन्तर्गत लक्षित वर्गका ७,४१६ आवास आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाइनेछ।

८६. निर्माण कार्यमा स्थानीय सामग्रीको प्रयोगलाई प्रोत्साहन गरी मौलिक एवम् प्राचीन वास्तुकलाको संरक्षण र प्रवर्द्धन गरिनेछ। भवन निर्माण गर्दा प्रदेश भवन ऐन, राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ। परम्परागत निर्माण सामग्री प्रयोग गरी निर्माण हुने संरचनालाई राष्ट्रिय भवन सहिंता अनुरुप बनाउन तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ।

८७. पौराणिक महत्व बोकेका बस्तीको संरक्षण गरी स्थानीय तहसँगको सहलगानी/सहकार्यमा सुविधायुक्त बस्ती बनाउन संभाव्यता अध्ययन गरिनेछ । लुम्बिनी प्रदेश भित्र आफ्नै मौलिक संस्कृति, सभ्यता र स्वरुप

झल्किने बस्ती पहिचान गरी नमुनाको रुपमा "**सम्पदा बस्ती**" विकास एवम् प्रवर्द्धन गरिनेछ।

८८. नयाँ शहरको निर्माण एवम् शहरी पूर्वाधारको विकास तथा विस्तारका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि प्रदेश सरकारको आन्तरिक स्रोतका साथै ऋण लगानी, सार्वजनिक निजी साझेदारी, लागत सहभागिता लगायतका वैकल्पिक लगानी विधि अवलम्बन गरिनेछ। यसका लागि संघीय सरकार एवम् स्थानीय तहसँगको सहकार्य र सहलगानीलाई जोड दिइनेछ। स्थानीय तहलाई शहरी योजना तयार गरी शहरी विकास र विस्तार गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ। संघीय सरकारसँगको समन्वयमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन पहल गरिनेछ।

**सभामुख महोदय,**

८९. प्रदेश भित्रका सामुदायिक, साझेदारी र राष्ट्रिय वन क्षेत्रको प्रभावकारी संरक्षण तथा वनको उत्पादकत्व, गुणस्तर र वन पैदावारको दिगो उत्पादनको आधारमा समीक्षा गरिनेछ। वन तथा जैबिक विविधताको संरक्षण, रोजगारी सिर्जना र राजश्वमा पुऱ्याएको योगदान समेतका आधारमा सघन वन व्यवस्थापन गर्ने नीति लिईनेछ।

९०. सामुदायिक वन र साझेदारी वन समूहको कोष परिचालनमा सुधार गर्दै वन कर्मचारी र वन उपभोक्ताको क्षमता विकास गरिनेछ। वन संरक्षण, व्यवस्थापन र तथ्यांक अभिलेखीकरणमा आधुनिक प्रविधिको प्रयोगलाई बढाउदै लगिनेछ। तेस्रो पक्षबाट वन व्यवस्थापन कार्यको अनुगमन गरी थप पारदर्शी, विश्वसनीय र व्यवस्थित गर्दै लगिनेछ।

९१. प्रदेशका वन क्षेत्रबाट उत्पादन भएको काठको खपतलाई प्रोत्साहन गर्न प्रदेशका सरकारी भवन निर्माण तथा फर्निचरमा स्वदेशी काठको प्रयोग गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ। वन पैदावारमा आधारित उद्यम प्रवर्द्धन गर्न आवश्यक कच्चा पदार्थका लागि सहजिकरण गरिनेछ।

९२. प्रदेश भित्रका वन तथा जलाधार क्षेत्रको समुचित व्यवस्थापनका लागि जलबायु उत्पन्न जोखिम क्षेत्र नक्शांकनका आधारमा पहिचान भएका क्षेत्रमा जलाधार व्यवस्थापन लगायत जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका कार्यक्रम प्राथमिकता निर्धारिण गरी संचालन गरिनेछ।

९३. प्रदेशको नवलपरासी (ब.सु.प.) देखि बर्दियासम्म पुर्वपश्चिम राजमार्गको दायाँ-बायाँ १० कि.मी. भित्रको क्षेत्रमा हरित उत्थानशील कार्यक्रम सञ्चालन गरी खोला खहरे लगायतका संवेदनशील भूमिको संरक्षण,

वन्यजन्तुका लागि पानी पोखरी निर्माण, पुनर्भरण पोखरी निर्माण, वृक्षारोपण, वन्यजन्तुको बासस्थान व्यवस्थापन लगायतका कार्य संचालन गरिनेछ।

९४. जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनमा केन्द्रित भई प्राकृतिक तथा मानव सृजित प्रकोप रोकथाम, विकासका पूर्वाधार संरक्षण, पानीका मुहान लगायतका स्रोतको संरक्षण र व्यवस्थापन, खोला किनार संरक्षण, भू-क्षय तथा पहिरो नियन्त्रण लगायतक एकीकृत जलाधार व्यवस्थापन गरिनेछ । “**एक वडा: एक पोखरी**” कार्यक्रमलाई निरन्तरता दिई थप पोखरी निर्माण गरिनेछ। शहरी सौन्दर्यतामा टेवा पुऱ्याउन **‘ईकोलोजिकल गार्डेन’** निर्माणमा प्रोत्साहन गरिनेछ।

९५. राष्ट्रिय वन क्षेत्र भित्रका खोला खोल्सीको समुचित व्यवस्थापन गरी सोबाट प्राप्त नदीजन्य पदार्थको उपयोग मार्फत राजस्वमा थप योगदान पुऱ्याउन विद्यमान कानूनमा आवश्यक परिमार्जन गरिनेछ।

९६. सामुदायिक, कबुलियती, साझेदारी वन लगायतका वन क्षेत्रका खाली क्षेत्र एवम् सार्वजनिक, निजी, नदी उकास, नदी र खोला किनाराका खाली जमीनमा विरुवा रोपणका लागि माग र आवश्यकता वमोजिमका वहुवर्षीय, बहुउपयोगी र गुणस्तरयुक्त विरुवा उत्पादन गर्न नयाँ नर्सरीको स्थापना गरिनेछ। हाल संचालनमा

रहेका नर्सरीको स्तरोन्नति गरी विरुवा उत्पादन र रोपण कार्य गरिनेछ ।

९७. उच्च पहाडी र शितोष्ण क्षेत्रमा स्थानीय विपन्न वर्गका जनताको आम्दानीमा टेवा पु-याउन स्थानीय हावापानी सुहाउँदा उच्च मूल्यका बहुउपयोगी काष्ठ तथा गैरकाष्ठ प्रजातीको विरुवा उत्पादन र रोपण कार्यलाई तिव्रता दिइनेछ ।

९८. प्राकृतिक रुपमा पाइने महत्वपूर्ण प्रजातिका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको संरक्षण र दिगो व्यवस्थापन एवम् सम्भावित क्षेत्रमा खेती विस्तार गर्दै प्रदेशभित्र जडिबुटी प्रशोधन उद्योग स्थापनाको शुरुवात गरिनेछ। रुकुम (पूर्वी भाग), रोल्पा र प्यूठानमा कार्यान्वयन भईरहेको उच्च पहाडी क्षेत्रमा ओखर बिकास कार्यक्रमलाई उपयुक्त प्रजातिको खेती विस्तार गरी थप प्रभावकारी बनाईनेछ।

९९. रुकुम (पूर्वी भाग), रोल्पा, अर्घाखाँची, प्यूठान, पाल्पा, गुल्मी र दाङ जिल्लामा प्राथमिकताका साथ सुधारिएको प्रविधि र प्रशोधन सुबिधा सहित टिमूर खेति विकास कार्यक्रम सन्चालन गरी टिमुर पकेट क्षेत्रका रुपमा विकास गरिनेछ।

१००. सामुदायिक वन, कबुलियती वन तथा निजी जग्गामा उपभोक्ता र कृषकको सहभागितामा जडिबुटी खेतिलाई

प्रबर्द्धन गर्न आवश्यक गुणस्तरीय विउ, विरुवा र प्राविधिक सहयोग उपलव्ध गराईनेछ।

१०१. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि, सूचना सन्देश प्रसारण, वन्यजन्तुको वासस्थान व्यवस्थापन, मानव बस्ती र वन क्षेत्र बीच छेकवार निर्माण, बाँदर बदेल लगायतका समस्याग्रस्त वन्यजन्तुको व्यवस्थापन, वनसँग जोडिएका निजी जग्गामा वन्यजन्तुले नरुचाउने प्रजातिका जडीवुटी तथा गैरकाष्ठ प्रजाति र वन क्षेत्र भित्र फलफुल विरुवा रोपण गरिनेछ। **पिडितसँग प्रदेश सरकार कार्यक्रम** मार्फत मानव-बन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी वनाई निरन्तरता दिइनेछ। वन्यजन्तुबाट पीडित परिवारलाई राहत प्रदान गर्ने कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

१०२. वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहसँगको सहकार्यमा मौसमी अग्नी नियन्त्रण दस्ता र स्वयंसेवक परिचालन गरिनेछ। स्थानीय तह सँगको साझेदारीमा अग्नीरोधक सामग्रीको व्यवस्था, तालिम र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय जनताको आयआर्जनमा टेवा पुग्ने कार्यक्रम संचालन, घुम्ती चरिचरण व्यवस्थापन, कृषि वन कार्यक्रम र डालेघाँस विस्तार गरिनेछ। वन कार्यालयमा आवश्यक जनशक्ती, स्रोत साधन र प्रविधिको व्यवस्थापन र परिचालन गर्दै वनक्षेत्रमा पहुँच मार्ग तथा अग्नीपथ

निर्माण गरी डढेलोजन्य घटनामा कमी ल्याइनेछ । वन डढेलो लगाउने कार्यलाई निरुत्साहन गर्न स्थानीय प्रशासन तथा सुरक्षा निकायसँगको समन्वयमा प्रचारात्मक र दण्डात्मक व्यबस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०३. वातावरणीय प्रभाव अध्ययन, वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका उपायको कार्यान्वयन तथा सो को प्रभावकारीताका लागि अनुपालना अनुगमन (कम्प्लाएन्स मोनिटरिङ्ग)का कार्य गर्ने र प्रदुर्षण गर्ने उद्योगलाई नियमन गरिनेछ।

१०४. प्रदेशभित्रका वन क्षेत्र प्रयोग गरी संचालन हुने विकास आयोजनाको कार्यान्वयनमा सहजीकरणका लागि संघीय सरकारसँग समन्वय गरी विद्यमान वन तथा वातावरण सम्वन्धी कानूनमा आवश्यक पुनरावलोकन गरिनेछ। समयमा नै वातावरणीय अध्ययन प्रतिवेदन तयार एवम् स्वीकृत गर्ने व्यवस्था मिलाइनेछ । राष्ट्रिय वन क्षेत्रको जग्गा प्राप्ति र रुख हटाउने प्रकृयालाई सरलीकृत गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

**सभामुख महोदय,**

१०५. स्थानीय तहसँगको समन्वय र सहकार्यमा विद्यालय सेवा क्षेत्र (स्कुल डिस्ट्रिक्ट) अवधारणा सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ। गुणस्तरीय शिक्षाका लागि भौतिक पुर्वाधारका साथै शिक्षकको क्षमता विकास,

शिक्षण सिकाइ, परिवार र समुदायको शिक्षामा सहभागिता र जवाफदेहिता निर्माण जस्ता सामाजिक पुर्वाधार लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. शिक्षकको पेशागत विकासका लागि मागमा आधारित तालिम तथा अन्य प्रशिक्षण कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ साथै प्रदेश तथा स्थानीय तहमा कार्यरत शिक्षा सेवाका कर्मचारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. शिक्षा सम्बन्धी विकास साझेदार निकायसँगको सहकार्यमा युवाका लागि औद्योगिक प्रशिक्षण, वृत्ति परामर्श, प्राविधिक शिक्षालयको स्तरीकरण, प्रशिक्षकको तालिम तथा अनौपचारिक क्षेत्रमा सिकेका सीपको परीक्षण, नक्साङ्कन र प्रमाणिकरणका लागि आवस्यक संस्थागत व्यवस्था गरिनेछ।

१०८. युवामा सकारात्मक र समाजसेवी भावनाको विकास एवम् प्राविधिक तथा अन्य क्षेत्रको आवश्यकतालाई पुरा गर्न स्वयंसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्राविधिक शिक्षालयमा लक्षित वर्गको पहुँच, गुणस्तर र सुशासनका लागि अन्तरनिकाय सहकार्य गरिनेछ। प्राविधिक शिक्षालयमा रोजगार सूचना केन्द्र र नवप्रवर्तन केन्द्र जस्ता इकाईको स्थापना र सञ्चालन गरिनेछ।

१०९. शैक्षिक संस्थाको गुणस्तर अभिवृद्धिका लागि शैक्षिक सामाग्रीको व्यवस्था, शिक्षण सिकाई पद्धतिमा सुधार, सफल अनुभवको आदान-प्रदान, अत्याधुनिक शिक्षण विधि र प्रविधिको उपयोग मार्फत स्थानीय तहसँगको सहकार्यमा **"प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम"** सञ्चालन गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको संयूक्त अनुगमन संयन्त्र निर्माण गरी अनुगमन तथा सुपरीवेक्षण कार्यलाई व्यवस्थित गरिनेछ।

११०. अनुसन्धान र विकासलाई उच्च शिक्षाको अभिन्न अँगको रुपमा विकसित गर्दै लगिनेछ। लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई प्रभावकारीरुपमा सञ्चालन र विस्तार गरिनेछ। प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान, वैज्ञानिक सोच तथा सीपको विकास गरी नवप्रवर्तनमा जोड दिन रुपन्देहीको सियारीमा विज्ञान संग्रहालयको निर्माणलाई निरन्तरता दिईनेछ।

१११. सिकाईमा विशेष आवश्यकता भएका वालवालिकालाई शिक्षामा दिदै आएको सहयोगलाई निरन्तरता दिदै अटिजम भएका वालवालिकाका लागि स्रोत कक्षा सन्चालन र व्यवस्थापनमा सहयोग गरिनेछ । बाँकि जिल्लामा अटिजमको थप कक्षा सञ्चालनमा सहयोग गरिनेछ।

११२. शिक्षाको समग्र विकासको लागि थोरै विद्यालय धेरै विद्यार्थी, विद्यार्थीसँग विशेषज्ञ, नमुना शिक्षण विद्यालय,

मेरो विद्यालय मेरो दायित्व, विद्यालयका लागि मेरो एक दिन लगायतका शैक्षिक सुधार कार्यक्रम अगाडि बढाईनेछ।

११३. प्रदेशस्तरमा शैक्षिक संस्थाको लागि जनशक्ति विकास तथा प्रक्षेपण सम्वन्धी नीतिगत व्यवस्था गरिनेछ। कक्षा १२ वा सो भन्दा माथि कलेज वा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रदेश वा स्थानीय तहका विभिन्न निकायमा सेवा प्रवाह र ज्ञान आदान-प्रदान गर्ने गरी ईन्टर्न सम्बन्धी नीति निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

११४. बुटवलमा निर्माण सम्पन्न भएको भवनमा प्रदेश पुस्तकालय सञ्चालनमा ल्याईनेछ। पठन संस्कृतिको विकास गर्न पुस्तकालय सहयोग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

११५. राष्ट्रिय मापदण्ड अनुरूप खेलकुदको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, मर्मत तथा सम्भार गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खुला व्यायामशालाको अवधारणालाई प्रदेशभर क्रमश: कार्यान्वयन गर्दै लगिनेछ। विद्यालयसँगको समन्वयमा स्काउट गतिविधि सञ्चालन गरिनेछ।

११६. युवा विकासका पाँच स्तम्भ: गुणस्तरीय र व्यावसायिक शिक्षा; रोजगारी, उद्यमशीलता र सीप विकास; स्वास्थ्य र सामाजिक सुरक्षा; सहभागिता र नेतृत्व विकास;

खेलकुद र मनोरञ्जनलाई सहयोग पुग्नेगरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। युवा रोजगारी तथा स्वरोजगारीका लागि छोटो अवधिका तालिम, वित्तीय तथा डिजिटल साक्षरता, उत्पादनको ब्राण्डिङ तथा ई–मार्केटिङ लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

११७. प्रदेश भित्र मातृभाषाको रुपमा बोलिने प्रमुख भाषालाई सरकारी कामकाजको भाषा बनाईनेछ।

**सभामुख महोदय,**

११८. प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गता तथा जेष्ठनागरिकमैत्री प्रदेशका रुपमा विकास गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण, लैङ्गिक बजेट तथा लैङ्गिक परिक्षण नीति तथा कार्यक्रमलाई निरन्तरता दिईनेछ। प्रदेशको लैङ्गिक समानता नीतिको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

११९. **"लुम्बिनीका महिला: आत्मनिर्भरतामा पहिला"** भन्ने नारा सहित उद्यमशीलताको माध्यमवाट उत्पादन, रोजगार र स्वरोजगार सृजना गरी महिलालाई आर्थिक रुपमा सक्षम र सीपयुक्त बनाई आत्मनिर्भर बनाउन स्थानीय तहसँगको सहकार्यमा महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ। महिला, दलित, अतिविपन्न तथा पछाडि परेका वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि चेतनामूलक तथा क्षमता

विकासका कार्यक्रम सञ्चालन गरिनेछ। लक्षित वर्गबाट उत्पादित वस्तु तथा सेवाको बजार प्रबर्द्धन गरिनेछ। रोजगारदातालाई महिला श्रमिकको संख्या बढाउन प्रोत्साहन गर्ने नीति लिईनेछ।

१२०. सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन **बाल विवाह अन्त्यका लागि प्रदेश सरकारको दश वर्षे रणनीति** स्थानीय तहसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ। बाल विवाह, बाल श्रम, बालबालिका बिरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानूनी ओसारपसार नियन्त्रण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२१. बालबालिका तथा किशोरावस्थामा हुने दुर्व्यवहार तथा किशोरीमाथि हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार बिरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशका सबै सामुदायिक विद्यालयमा किशोरी आत्मरक्षा तालिम क्रमश सञ्चालन गर्दै लगिनेछ। बालमैत्री प्रदेशको अवधारणा कार्यान्वयनका लागि स्थानीय तहसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

१२२. लैङ्गिक हिंसामुक्त प्रदेश निर्माणको अवधारणालाई निरन्तरता दिंदै लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि सामाजिक संघसंस्था, नागरिक समाजका अगुवा, अधिकारकर्मी लगायत विभिन्न सरोकारवालाको समन्वय

र सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणमा पुरुष सहभागिता सम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२३. सार्वजनिक भौतिक संरचना अपाङ्गमैत्री बनाईनेछ। अपाङ्गता भएका व्यक्तिको सुचनामा सहज पहुँच वृद्धिका लागि स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन गर्न सहजीकरण गरिनेछ। अपाङ्गता र ज्येष्ठ नागरिक सम्बन्धी सुचना व्यवस्थापन प्रणालीलाई प्रदेश सरकारसँग आवद्ध गर्न संघीय मन्त्रालयसँग समन्वय र सहकार्य गरिनेछ।

१२४. महिला, बालबालिका, एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अति विपन्नको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१२५. वुवा आमा नभएका र कठिन परिस्थितिका बालबालिकाको संरक्षणका लागि प्रदेशस्तरीय बालसंरक्षण गृहको निर्माण गर्न जग्गा प्राप्ती प्रकियालाई पुरा गरी निर्माण कार्यको थालनी गरिनेछ।

१२६. प्रदेश भित्र रहेका बालगृह एवम् बाल संरक्षण केन्द्रको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा शिक्षाको लागि सहयोगका कार्यक्रममा सञ्चालन गरिनेछ।

१२७. जातीय छुवाछुत, बोक्सीको आरोप, दाईजो प्रथा, छोट्टी बस्ने, बहुविवाह, मानव बेचबिखन तथा ओसारपसार, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, लैङ्गिक विभेद तथा सामाजिक साँस्कृतिक परम्पराको नाममा हुने यौनजन्य तथा सामाजिक विभेद बिरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. सार्वजनिक-निजी साझेदारीमा सञ्चालित १२ जिल्लाका सेवा केन्द्र (सेफ हाउस) र २ जिल्लामा रहेका पुनर्स्थापना केन्द्र सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिईनेछ। यस्ता सेवा केन्द्र/पुनर्स्थापना केन्द्रमा आश्रित मानव बेचविखन तथा ओसार पसार र घरेलु हिंसाबाट प्रभावित तथा पीडितको उद्धार, संरक्षण, मनोसामाजिक परामर्श तथा पुनर्स्थापना लगायतका सेवा प्रदान गरिनेछ। हिंसा प्रभावित महिलाका लागि संघीय मन्त्रालय र स्थानीय तहसँगको समन्वयमा एकीकृत सेवा सहितको प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माणका लागि जग्गा प्राप्ति कार्य पुरा गरी निर्माण कार्य प्रारम्भ गरिनेछ। सेवा तथा पुनर्स्थापना कोष र बाल कोष स्थापना र सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ ।

१२९. विपदमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका वर्गको संरक्षणका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (जेड्सी)

मैत्री विपद पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। प्रदेश र स्थानीय तहको संरक्षण विषयगत क्षेत्र (प्रोटेक्सन क्लस्टर) को क्षमता विकासका माध्यमबाट क्रियाशिल बनाईनेछ।

१३०. **सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण** कार्यलाई निरन्तरता दिइनेछ। राज्यले संरक्षण गर्नुपर्ने अति जोखिममा रहेका, बेसहारा तथा अशक्त ज्येष्ठ नागरिकको संरक्षणका लागि रुपन्देहीमा प्रदेशस्तरीय सुविधासम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माणको लागि जग्गा प्राप्ति गरी कार्य सुरु गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको संरक्षणका लागि स्थापित पुनर्स्थापना केन्द्र सुदृढीकरण र संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३१. स्थानीय तहको सहकार्यमा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई युवा पुस्तामा स्थानान्तरण गर्न **अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम** शुरु गरिनेछ। ज्येष्ठ नागरिकको जीवन सम्मानित र सुरक्षित बनाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. आमा बन्दा रोजगारी गुमाउनुपर्ने अवस्था हुन नदिन प्रदेशका मुख्य व्यवसायिक र औद्योगिक क्षेत्रमा सामुदायिक शिशुस्याहार केन्द्र स्थापनाका लागि

बुटवल, लुम्बिनी, घोराही र नेपालगञ्ज क्षेत्रमा सम्भाव्यता अध्ययन गरिनेछ। प्रदेश राजधानीमा शिशु स्याहार केन्द्र स्थापना गर्ने कार्य अगाडि बढाईनेछ। प्रदेशका सबै सरकारी निकायमा स्तनपान कक्ष निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१३३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिको विकास, संरक्षण र परिचालनमा नीतिगत सुझाव दिन आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ। मानवीय हित, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको मुल प्रवाहीकरणका लागि अगुवा महिलालाई सामाजिक परिचालन बारे प्रशिक्षण तालिम सञ्चालन गरिनेछ। भाषा, साहित्य, कला, संस्कृति, संचार लगायत समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याई ख्याती प्राप्त गरेका प्रदेश भित्रका महिलालाई सम्मान गरिनेछ।

**सभामुख महोदय,**

१३४. **"जन उत्तरदायी स्वास्थ्य प्रणाली र ईमान्दारिताः गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिबद्धता "** भन्ने मुल नाराका साथ सबै स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागु गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ। आधारभुत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्थानीय तहको आवश्यकताको आधारमा चिकित्सक र उपकरण

उपलव्ध गराईनेछ। स्वास्थ्य क्षेत्र सुधारका लागि सामुदायिक, सहकारी, निजी तथा गैरसरकारी संस्थाको नियमनलाई प्रभावकारी बनाइनेछ। संघीय स्वास्थ्य मन्त्रालयको समन्वयमा प्रदेशमा संचालित प्रतिष्ठान र मेडिकल कलेजले दुर्गम स्थानका प्रदेश अस्पतालमा अनिवार्य बिषेशज्ञ सेवा प्रदान गर्नुपर्ने नीति लिइनेछ। लुम्बिनी प्रदेशका दुर्गम हिमाली तथा पहाडी जिल्लामा सेवा पुऱ्याउन चिकित्सकलाई प्रोत्साहनको ब्यबस्था गरिनेछ।

१३५. स्वास्थ्य कार्यक्रम समुदायस्तर सम्म प्रभावकारी ढंगले पुऱ्याउन अनुसन्धान मुलक कार्यक्रम सञ्चालन गरिनेछ। अनुगमन, मूल्याङ्कन तथा यथार्थ वस्तुस्थितिको पहिचान गरी तथ्यपरक योजना तयार गर्न एकीकृत स्वास्थ्य सुचना प्रणालीको स्थापना गरिनेछ।

१३६. लुम्बिनी प्रदेशमा बिद्यमान उच्च मातृ तथा नवशिशु मृत्युदर र उच्च कुपोषणलाई न्युनीकरण गर्न आवश्यक रणनीति तयार गरिनेछ। मातृ तथा बाल स्वास्थ्य सुधार र नसर्ने रोग रोकथाम तथा न्युनीकरणका लागि उच्च मातृ मत्युदर भएका स्थानमा सामुदायिक नर्सिङ्ग कार्यक्रम नमुना परियोजनाका रुपमा तर्जुमा गरी **"आमा बचाउ अभियान"** प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३७. लुम्विनी प्रदेशको बाँके जिल्लामा महिला, बालबालिकाको स्वास्थ्य सेवालाई लक्षित गरी स्थानीय तहको

सहकार्यमा बाँके जिल्लामा २५ शैयाको सुविधा सम्पन्न प्रसुति गृह अस्पताल स्थापना गरी सुरक्षित मातृत्व सेवा बिस्तार गरिनेछ । भालुवाङ अस्पतालको क्षमता र सेवा बिस्तार गरी अन्य अस्पतालको सुदृढीकरण गर्दै लगिनेछ। स्थानीय तहको समन्वयमा ग्रामीण अल्ट्रासाउण्ड सेवाको पहुंचलाई बिस्तार गर्दै लगिनेछ।

१३८. गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुलाई आपत्कालीन स्वास्थ्य अवस्थामा प्रेषण गर्नु परेमा प्रदेश भित्रका हिमाली तथा पहाडी जिल्लामा उद्धारका लागि एयर एम्बुलेन्सको ब्यवस्था गरिनेछ। एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्नु परेमा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३९. बिपद तथा महामारीको रोकथाम, पूर्वतयारी, न्युनिकरण, प्रतिकार्य र पुनर्स्थापनाका लागि प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सुदृढीकरण गरिनेछ। स्वास्थ्य विपद तथा महामारी पूर्वतयारी एवम् प्रतिकार्यको लागि स्वास्थ्य आकस्मिक कोष स्थापना गरिनेछ। प्रदेश अन्तर्गत सञ्चालनमा रहेका एम्बुलेन्सलाई एकीकृत रुपमा सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउन प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रसँग आवद्ध गरिनेछ। प्रादेशिक प्रेषण केन्द्रलाई थप ब्यबस्थित र प्रभावकारी बनाईनेछ।

१४०. डेङ्गी रोगलाई उच्च प्राथमिकतामा राखि रोगको पहिचान, उपचार, नियन्त्रण तथा रोकथामका कार्यक्रम स्थानीय तहको समन्वयमा सञ्चालन गरिनेछ। नसर्ने रोग तथा मानसिक रोगको बढ्दो भारलाई कम गर्न स्थानिय तहको सहकार्यमा समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४१. शहिद, बेपत्ता परिवार, द्वन्द पिडित, गरिब, दलित, अपांगता भएका ब्यक्ति, सिमान्तकृत, लोपोन्मुख नागरिकलाई स्वास्थ्य सेवा सर्बसुलभ र पहुंच योग्य बनाउदै स्वास्थ्य बिमा कार्यक्रममा प्रदेशको सहभागितालाई प्रभावकारी बनाईनेछ। प्रदेश भित्रका अस्पतालमा विभिन्न आन्दोलनका घाइतेको निःशुल्क उपचार गर्ने ब्यबस्था मिलाईनेछ।

१४२. प्रदेशका सबै सरकारी तथा सामुदायिक अस्पतालबाट रक्तसञ्चार सेवा निःशुल्क रुपमा प्रदान गरी **"निःशुल्क रक्तसञ्चार सेवा प्रदान: स्वस्थ लुम्बिनीको पहिचान"** अभियानलाई निरन्तरता दिईनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रादेशिक रक्तसंचार केन्द्र स्थापना गरिनेछ। गुणस्तर निगरानीका लागि जिल्ला स्थित स्वास्थ्य कार्यालयका प्रयोगशालालाई सुदृढीकरण गरी स्थानीय तहमा रहेका प्रयोगशालाको अनुगमन तथा गुणस्तर नियमनको व्यवस्था मिलाईनेछ।

१४३. मुटुको भल्व प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा सहुलियत र प्रदेश भित्रका अस्पतालमा विपन्न नागरिकलाई दम तथा ब्रोङ्काइटिसजन्य रोगमा स्वास्थ्य उपचार सहायतालाई निरन्तरता दिइनेछ।

१४४. पूर्ण अपांगता भएका नागरिक तथा ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई घरमै गई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमलाई स्थानीय तहको समन्वयमा निरन्तरता दिईनेछ। आवश्यकताका आधारमा सहायक सामाग्री उपलब्ध गराउने ब्यवस्था गरिनेछ। जेष्ठ नागरिक चिकित्सा सेवा सम्बन्धी प्रदेश मातहतका अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई विषय विज्ञद्वारा प्रशिक्षणको व्यवस्था गरिनेछ।

१४५. विद्यालय नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तारका लागि प्रदेशमा रहेका सबै सामुदायिक विद्यालयमा स्थानीय तहसगँको लागत साझेदारीमा विद्यालय नर्स परिचालन गर्ने नीति लिइनेछ। संस्थागत विद्यालयमा समेत यो कार्यक्रमलाई क्रमश: लागू गर्न सहजीकरण गरिनेछ।

१४६. लुम्बिनी प्रदेशमा बिद्यमान रहेको उच्च कुपोषण र मातृ तथा नवशिशु मृत्युदरको व्याप्ततालाई न्युनीकरण गर्न आवश्यक रणनीति तयार गरी सरोकारवालासँग समन्वयमा मातृ तथा बाल स्वास्थ्य सुधारका लागि

बिशेष कार्यक्रम तर्जुमा गरिनेछ। यसको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकार, स्थानीय सरकार, विभिन्न गैर सरकारी सस्थासँगको समन्वयमा समुदाय स्तरमा आमा समुह, युवा तथा बाल क्लब र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम समावेश गरिनेछ। अस्पतालमा स्वास्थ्य प्रवर्द्धनको अवधारणा क्रमश लागु गरिनेछ।

१४७. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन, बिकास र बिस्तार गर्दै लगिनेछ। स्थानीय स्तरमा उत्पादन हुने जडीबुटीको पहिचान, व्यवस्थापन र उपयोग गर्ने नीति लिईनेछ।

१४८. सिकलसेल, थालसेमिया तथा हेमोफिलियाका विरामीलाई उपलब्ध गराईएको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ र हेमोफिलियाका बिरामीलाई आवश्यक क्लटिङ्ग फ्याक्टरको ब्यबस्था मिलाईनेछ।

१४९. प्रमुख राजमार्गमा हुने दुर्घटनालाई मध्यनजर गरी कपिलवस्तुको जितपुर र बर्दियाको बासगढीमा ट्रमा केयर सम्बन्धी प्राथमिक उपचार सेवा बिस्तार गरिनेछ। प्रदेशभित्र सर्पदंशको उच्च जोखिममा रहेका जिल्लामा रहेका स्वास्थ्य संस्थामा सर्पदंश उपचारका लागि सेवा सुदृढीकरण गरिनेछ। प्रदेश राजधानीमा रहेको भालुवाङ अस्पतालमा सर्पदंश उपचार सेवा

विस्तार गरिनेछ। बाँकेको कोहलपुरमा प्रदेशस्तरको अस्पताल निर्माण गर्न संभाव्यता अध्ययन गरिनेछ।

१५०. सामुदायिक महिला स्वास्थ्य स्वयसेविकाको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ। सरकारी अस्पताल र सामुदायिक अस्पताल बीच सहकार्य र समन्वय गरी स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य वनाउन आवश्यक नीतिगत व्यवस्था मिलाईनेछ।

**सभामुख महोदय,**

१५१. शान्ति सुरक्षा कायम गर्न तथा जनमैत्री प्रहरी प्रशासनको अनुभूति दिन संघीय निकायसँग समन्वय गरी प्रदेश प्रहरी ऐन बमोजिम सुरक्षा निकायलाई परिचालन तथा व्यवस्थापन गरिनेछ। सुरक्षा निकायको आधुनिकीकरण तथा प्रविधियुक्त प्रहरी प्रशासन बनाउन भौतिक पूर्वाधारको संरचनागत सुधार, आवश्यक सुरक्षा उपकरणको व्यवस्था तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा अन्तर्राष्ट्रिय सीमा जोडिएका लुम्बिनी प्रदेशका जिल्लामा प्राथमिकताका आधारमा थप सीमा सुरक्षा पोष्ट निर्माण तथा निर्मित सुरक्षा पोष्टको मर्मत सम्भार कार्य गरिनेछ। साविकमा निर्माण भएका तथा नयाँ निर्माण हुने सीमा सुरक्षा पोष्टको लागि आवश्यक सडक, सञ्चार, विद्युत, खानेपानी लगायत आधारभूत सेवाको

व्यवस्थापन गर्न अन्तरनिकाय समन्वय तथा सहकार्य गरिनेछ।

१५३. आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा शैक्षिक संस्था तथा समुदायमा सकारात्मक सोच तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५४. स्थानीय तहसँगको समन्वयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशमा हुने विपद् तथा जलवायुजन्य जोखिमको अध्ययन तथा अनसुन्धान गरी प्रकोपको आंकलन, नक्सांकन र विश्लेषण गरी अभिलेखीकरण गरिनेछ। अत्याधुनिक उपकरणको व्यवस्था गरी विपद्को समयमा सुरक्षा निकायको खोज तथा उद्धार गर्ने क्षमता अभिवृद्धि गरिनेछ। विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५५. विपद् व्यवस्थापनका लागि राहत सामाग्रीको व्यवस्था गरी रणनीतिक स्थानमा भण्डारणको सुनिश्चितता गरिनेछ। प्रदेशबाट दिइने राहत तत्काल र यथाशीघ्र उपलब्ध गराउन प्रदेश विपद व्यवस्थापन कोषको परिचालन गरिनेछ। प्रदेशका सबै जिल्लामा हेलिप्याड निर्माण गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षमा दुईवटा हेलिप्याड निर्माण गरिनेछ।

१५६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्र, एवम् विकास साझेदार राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ। रणनीतिक स्थानमा खाद्य तथा गैर-खाद्य सामाग्रीको भण्डारण गरिनेछ। साथै विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय सरकारको आर्थिक व्ययभार कम गर्न विपद् बीमा सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।

१५७. प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र चौविसै घण्टा संचालन हुने व्यवस्था मिलाईनेछ। राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र बीच अन्तरआवद्धता गरी सुचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।

१५८. विपद्जन्य घटना तथा विभिन्न कारणले नदी, खोला लगायतमा हराएका व्यक्तिको खोजी तथा उद्धारको लागि सुरक्षा निकायको क्षमता अभिवृद्धि गर्न नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा सुरक्षा निकायलाई "**गोताखोर सम्बन्धी तालिम**" कार्यक्रम सञ्चालन गरी आवश्यकता अनुसार गोताखोरलाई परिचालन गरिनेछ।

१५९. बालबालिका तथा युवामा बढ्दो लागूऔषध दूरुपयोग न्यूनीकरण गर्न समुदाय, स्थानीय तह, सुरक्षा निकाय र शैक्षिक संस्थासँग समन्वय तथा साझेदारी गरी

लागुऔषध दूरुपयोग न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चाचालन गरिनेछ। लागूऔषध दुरुपयोग न्यूनीकरणका लागि सुरक्षा निकायको क्षमता विकास गरिनेछ।

१६०. प्रदेशमा रहेका कारागारको प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको सुधार तथा सुदृढीकरण गर्दै लगिनेछ। कारागारमा रहेका व्यक्तिका लागि "सकारात्मक सोच तथा सीप विकास तालिम" सञ्चालन गरिनेछ। उत्पादित बस्तुको प्रवर्द्धन र बजारीकरणको व्यवस्था मिलाईनेछ। सँगै रहेका बालबालिकाको पोषण तथा शिक्षामा सहजीकरण गरिनेछ।

१६१. सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई निःशुल्क उपचारको व्यवस्था गरिनुका साथै सीपमूलक कार्यक्रम सञ्चालन गरी आयआर्जनमा टेवा पुऱ्याउन आवश्यक व्यवस्था मिलाइनेछ। लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन तथा घटनामा घाइते/अपाङ, सहिद, वेपत्ता भएका व्यक्ति साथै परिवारको अभिलेखलाई व्यवस्थित गर्न नेपाल सरकारसँगको समन्वयमा तथ्यांक व्यवस्थापन गरिनेछ।

१६२. सुचना तथा सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि सञ्चार क्षेत्रको संरचनागत सुधार, क्षमता विकास

तथा प्रोत्साहनका कार्य गरिनेछ। सुचना प्रविधिको विकासका लागि अन्तरनिकाय समन्वय तथा सहकार्यमा जोड दिईनेछ । प्रदेशमा रहेका सञ्चारकर्मीको पत्रकार दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६३. प्रदेशमा दर्ता तथा नवीकरण भई प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका गैर-सरकारी संघ संस्थाको अनुगमन, निरीक्षण तथा अभिलेखन प्रणालीलाई व्यवस्थित गर्दै समन्वय र नियमनलाई थप प्रभावकारी बनाइनेछ।

१६४. सार्वजनिक, सामूदायिक र निजी सञ्चार क्षेत्रसँगको सहकार्यमा मन्त्रालयका सार्वजनिक सरोकार तथा महत्वका सुचना उत्पादन गरी रेडियो, टेलिभिजन र छापा माध्यबाट प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाईनेछ। लुम्बिनी प्रदेश सरकारले समृद्धिका लागि सम्पादन गरेका कामलाई व्यवस्थित रुपमा प्रचार-प्रसार गर्न **समृद्ध लुम्बिनी प्रदेश टेलिभिजन कार्यक्रमलाई** निरन्तरता दिइनेछ।

१६५. आमसञ्चार माध्यमको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न सञ्चार समन्वय परिषद्लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। लोक कल्याणकारी विज्ञापनलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१६६. लुम्बिनी प्रदेशका तर्जुमा भएका कानुनको विद्युतीय अभिलेख व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

राजपत्रको सम्पादन तथा प्रकाशनलाई प्रविधिमैत्री बनाइनेछ। स्थानीय तहले सम्पादन तथा प्रकाशन गर्ने राजपत्रलाई व्यवस्थित र प्रविधिमैत्री बनाउन आवश्यक समन्वय गरिनेछ।

१६७. प्रदेश र स्थानीय तहमा तर्जुमा गरिने कानुनलाई मौलिक तथा विशिष्ट बनाउन प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीलाई कानुन तर्जुमा सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय न्यायिक समितिका पदाधिकारीको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरी न्यायिक सक्षमता अभिवृद्धि गरिनेछ। विद्यालयका शिक्षक तथा विद्यार्थीलाई लक्षित गरी "**विद्यालयमा कानुनी चेतना**" कार्यक्रम सञ्चालन गरिनेछ ।

१६८. प्रविधिको प्रयोग मार्फत शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्न लुम्बिनी प्रदेश सरकारको प्रशासनिक परिसरमा सिसिटिभि जडान कार्यलाई अगाडि बढाइनेछ।

१६९. प्रादेशिक तथ्याङ्क, सुचना प्रणाली र साइबर सुरक्षाका लागि प्रविधिको अधिकतम प्रयोग गरी सुचना प्रविधिको प्रवर्द्धन गरिनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणामा प्रदेशमा आर्टिफिसियल इन्टेलिजेन्स र मेसिन लर्निङ सम्बन्धमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

**सभामुख महोदय,**

१७०. सार्वजनिक खर्चमा मितव्ययिता अपनाई अनुत्पादक खर्च कटौती गरिनेछ। चालु खर्चमा निश्चित सीमा कायम राखी पूँजीगत खर्च बढाउने नीति लिईनेछ। तयारी पुरा भएका, कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनालाई सम्पन्न गर्नेगरी स्रोत परिचालन गरिनेछ।

१७१. संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन तथा खर्चमा हुने दोहोरोपनालाई नियन्त्रण गर्न सुचना प्रविधिमा आधारित प्रणाली निर्माण गरिनेछ। तहगत सरकारको क्षेत्राधिकार र परिमार्जित कार्यविस्तृतिकरण प्रतिवेदन अनुरुप आयोजना बैङ्कको माध्यमबाट लाभ-लागतका आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

१७२. संविधान प्रदत्त राजस्वका तहगत अधिकार (एकल तथा साझा) कार्यान्वयनमा देखिएका द्विविधालाई कानुनी सुधार तथा संस्थागत क्षमता र सहजीकरण गरी राजस्व अभिवृद्धि गरिनेछ। राजश्वको नयाँ क्षेत्र पहिचान गर्ने तथा भइरहेको स्रोतबाट गुणात्मक राजश्व परिचालन हुने प्रबन्ध गरिनेछ। नियमित आम्दानी हुने उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ।

१७३. प्रदेशको राजस्व परिचालन तथा संकलन कार्य र भुक्तानी प्रणालीलाई छिटो, छरितो र झन्झटरहित बनाउनको लागि डिजिटल तथा बैङ्किङ भुक्तानी

प्रणालीलाई विशेष जोड दिइनेछ। प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेको कृषि करका सम्बन्धमा स्थायी लेखा नम्बर लिएका कृषि फार्म, कृषक समूह, कृषि सहकारी र संस्थाबाट कर असुली भइ सङ्घीय कोषमा दाखिला भइरहेकोमा सो कर प्रदेश सरकारलाई प्राप्त हुनेगरी आवश्यक व्यवस्था मिलाउन संघीय सरकारसँग समन्वय गरिनेछ।

१७४. संघ सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने समानीकरण अनुदान र राजस्वको बाँडफाडको सीमाका आधारमा प्रदेश सरकारको बजेट आकार तय हुने तर अनुमान अनुरुप समानीकरण अनुदान र राजस्व प्राप्ति कम हुँदा प्रदेश संचित कोषमा दबाब सिर्जना भईरहेको अवस्थामा समानीकरण अनुदान र राजस्व अनुमानलाई वस्तुगत तथा यथार्थपरक बनाइनेछ।

**सभामुख महोदय,**

१७५. प्रथम आवधिक योजनाको अवधि आर्थिक वर्ष २०८०/०८१ मा समाप्त हुने भएकोले सोको समीक्षा गरी यस प्रदेशको दोश्रो आवाधिक योजना **(२०८१/०८२-२०८५/०८६)** तयार गरी सो योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीति अनुरुप मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम कार्यान्वयन गरिनेछ।

१७६. प्रदेशबाट स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत स-साना टुक्रे आयोजना स्थानीय तहबाटै कार्यान्वयन गर्ने नीति लिइनेछ। आयोजना छनोट गर्दा स्थानीय आवश्यकता र प्राथमिकतालाई आधारको रुपमा लिईनेछ।

१७७. आयोजना छनोटलाई वस्तुगत बनाउन आयोजना बैक सम्बन्धी कार्यविधि तयार गरी प्रदेशभित्र संचालन हुने संभाव्य आयोजनाको विवरण तयार गरिनेछ। सो आयोजना बैकमा रहेको आयोजना क्रमश: कार्यान्वयन गर्दै लैजाने नीति लिइनेछ । आयोजना छनोट सम्बन्धी मापदण्ड तयार गरी बजेट तर्जुमा तथा आयोजना/ कार्यक्रमको छनोटलाई वस्तुपरक तथा वैज्ञानिक बनाइने छ। संभाव्यता अध्ययन, जग्गा प्राप्ति, वातावरणीय परिक्षण लगायतका पूर्व तयारी सम्पन्न भएका आयोजना छनोटमा प्राथमिकता दिईनेछ। आयोजना कार्यान्वयनको प्रभावकारीताका लागि आयोजना सञ्चालन हुने स्थानीय तहसँग प्रारम्भदेखि नै समन्वय र संयूक्त अनुगमन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याईनेछ।

१७८. प्रदेश तथ्याङ्क ऐनको समय सापेक्ष परिमार्जन र प्रदेश योजना आयोगमा तथ्याङ्क ईकाईको स्थापना मार्फत प्रदेशको वृहत्तर तथ्याङ्कको एकीकृत व्यवस्थापनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयसँग समन्वय र सहकार्य

गरी प्रादेशिक तथ्याङ्कमा सहज पहुँच र उपलब्धताको व्यवस्था मिलाइने छ।

१७९. प्रदेशको समग्र विकासका लागि सरकार, निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा विकास साझेदारसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ। दीगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरणका लागि तहगत समन्वय र सहकार्य गरिनेछ।

**सभामुख महोदय,**

१८०. दाङ जिल्लाको राप्ती तथा गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकालाई समेट्दै राप्ती उपत्यका देउखुरीमा प्रदेश राजधानीका नयाँ प्रशासनिक संरचनाको पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ। यस क्षेत्रलाई नदी सभ्यतामा आधारित राजधानी शहरको रुपमा विकास गर्न आवश्यक स्रोत साधनको लागि नेपाल सरकार तथा अन्य संस्थासँग आवश्यक समन्वय गरिनेछ।

१८१. प्रदेश सरकारबाट छनोट भएका प्रदेश गौरवका आयोजना: लुम्बिनी प्रादेशिक अस्पताल, प्रदेश राजधानी शहरको विकास तथा निर्माण, एकीकृत आयुर्वेद तथा बैकल्पिक चिकित्सा शिक्षण अस्पताल, राप्ती प्रादेशिक अस्पताल निर्माण, रामपुर-कपुरकोट सडक, लुम्बिनी प्राविधिक विश्वबिद्यालयको पुर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिई अगाडि बढाइनेछ।

१८२. तिनाउ कोरिडोरको दायाँ बाँया १२०० मिटर चौडाइको क्षेत्रफल, कपिलवस्तुको तिलौराकोट र शिवपुर, प्यूठानको स्वर्गद्वारी र रुकुमकोटको गुरुयोजना तयार गरी जग्गा एकीकरण विधिबाट आधुनिक, सुरक्षित र व्यवस्थित शहरको विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१८३. प्रदेशको आर्थिक विकासको लागि लगानीको वातावरण बनाई निजी क्षेत्रको भूमिका बढाउन कानुनी प्रवन्ध गरिनेछ। निजी क्षेत्रको लगानी तथा सह-लगानीमा सञ्चालन हुनसक्ने उच्च प्रतिफलयुक्त आयोजनाको पहिचान र विकास गरी लगानीका लागि सार्वजनिक-निजी सम्बाद कार्यक्रम आयोजना गरिनेछ।

**सभामुख महोदय,**

१८४. प्रदेश सुशासन केन्द्रलाई जनशक्ति प्रशिक्षण एवम् अनुसन्धान तथा विकास गर्ने सेन्टर अफ एक्सिलेन्स संस्थाका रुपमा विकास गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। प्रदेश तथा स्थानीय तहमा कार्यरत निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास योजना बनाई प्रशिक्षण तथा क्षमता विकासका क्रियाकलापको संचालन गरिनेछ। केन्द्रको प्रशासनिक भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्य अघि बढाइनेछ।

१८५. प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य अभिवृद्धि गर्न प्रदेश समन्वय परिषद्को भुमिकालाई थप प्रभावकारी बनाईनेछ। लुम्बिनी प्रदेश सरकारको नीति निर्माण, समन्वय, सहकार्य र साझा सवालका सम्बन्धमा मुख्यमन्त्री-स्थानीय तह प्रमुख (**सिएम-मेयर डाइलग**) संचालन गरिनेछ।

१८६. राष्ट्रसेवक कर्मचारीको क्षमता विकास गर्न विषयगत क्षेत्रका तालिम कार्यक्रम सञ्चालन गरिनेछ। कर्मचारीलाई आध्यात्मिकता, योग, ध्यानको अभिमुखीकरणद्वारा आत्मानुशासन र सकारात्मक सोचको विकास गर्दै सेवा प्रवाहमा सुधार गरिनेछ। कर्मचारीलाई प्रोत्साहन गर्न कर्मचारी सन्तति शैक्षिक वृत्ति, बीमा लगायतका सुविधा मिलाइनेछ। प्रदेश राजधानीमा निजामती कर्मचारीको उपचारका लागि भालुवाङ अस्पतालमा छुट्टै सिफ्ट सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१८७. प्रदेश तथा स्थानीय तहका स्थायी कर्मचारीको अवकाशपछिको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष सम्बन्धमा अध्ययन गरी आवश्यक कानुनी प्रबन्ध गरिनेछ। स्वीकृत स्थायी दरवन्दीभित्र करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा समावेश गर्ने नीति लिईनेछ। प्रदेश राजधानी देउखुरीमा कामकाज गर्ने गरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१८८. बेरुजु न्यूनीकरण र फर्छ्यौट कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ। बेरुजु फछ्यौंटमा उत्कृष्ट योगदान पुऱ्याउने  कर्मचारीको पहिचान गरी पुरस्कृत गरिनेछ। पूँजीगत खर्चको परिमाण, गुणस्तर र प्रभावकारिता तथा बेरुजु न्युनिकरण र फछ्यौंटमा गरेको योगदान समेतको आधारमा कार्य सम्पादन मुल्याङ्कन हुने व्यवस्था मिलाईनेछ। वित्तीय सुशासन कायम गर्दै वेरुजु आउनै नदिने परिपाटीको विकास गर्न प्रदेशको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिनेछ।

१८९. कर्मचारीलाई प्रदेशको भौगोलिक क्षेत्रको अनुभव दिलाउन र सरुवालाई अनुमानयोग्य बनाउन चक्रीय प्रणाली अवलम्बन गरी सरुवा प्रणालीलाई व्यवस्थित गरिनेछ। जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह हुने कार्यालयमा कार्यालय प्रमुख खटाउँदा कर्मचारीको नैतिकता, नेतृत्व क्षमता र अभिरुचीसँग कामको तादात्म्यता मिलाउन नेतृत्व मुल्याङ्कन प्रणाली शुरुवात गरिनेछ।

१९०. स्थानीय सेवा संचालन सम्बन्धी कानुन तयार गरी स्थानीय तहमा रहेको जनशक्तिको नियुक्ति, सरुवा र वृत्ति विकासको अवसर खुलाईनेछ। स्थानीय तहमा विद्यमान कर्मचारी अभावको अन्त्य गरिनेछ।

१९१. भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै शासकीय प्रणालीमा आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण र सुशासन एवं सदाचार संस्कृतिको प्रवर्द्धनमा विशेष जोड दिइनेछ। संभाव्य जोखिम क्षेत्रको पहिचान गरी भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायसहितको पाँच वर्षे रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१९२. प्रदेश सरकारबाट नागरिकलाई प्रदान गर्ने सेवालाई सुचना प्रविधको उपयोग मार्फत भरपर्दो, स्तरीय र पहुँचयोग्य बनाइनेछ। प्रदेश अन्तर्गतका कार्यालयमध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। कार्यसम्पादनलाई दण्ड र पुरस्कारसँग आवद्ध गरी कार्यसम्पादनमा अब्बल कर्मचारीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

१९३. सुचना प्रणालीको सुधार, असल अभ्यास, अनुभव आदानप्रदान, वित्तीय जोखिम मुल्याङ्कन, लैङ्गिक समता र सामाजिक समावेशीकरण लगायतका प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत शासकिय सुधार तथा सुशासन प्रवर्द्धनमा जोड दिईनेछ। स्थानीय संभावना र आवश्यकताका क्षेत्रमा स्थानीय तहबाट प्रस्तावित उत्पादन रोजगारी र स्वरोजगार सम्बन्धी परियोजना मार्फत नवप्रवर्तन र सिर्जनशील कार्यलाई प्रोत्साहित गर्दै स्थानीय तहसँगको साझेदारीमा सञ्चालित

**"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम"** लाई आवश्यक परिमार्जन सहित निरन्तरता दिईनेछ।

१९४. प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना र छनौटको कार्यलाई प्रभावकारी र विश्वसनीय तुल्याउन प्रदेश लोक सेवा आयोगको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ। प्रदेश सरकार र स्थानीय तहको माग र आवश्यकताका आधारमा मेधावी जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षण गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ। लोकसेवा आयोगलाई साधन स्रोत सम्पन्न बनाईनेछ।

१९५. योग्यता प्रणालीलाई व्यवस्थित गरी सदाचारयुक्त, कामप्रति प्रतिवद्ध र जिम्मेवारी बोध गर्ने जनशक्ति छनौट गर्न कर्मचारी छनौट प्रक्रियामा आधुनिक प्रविधि र नविनतम विधि अवलम्बन गर्दै लगिनेछ। लोकसेवा आयोगको पाठ्यक्रम र परीक्षा प्रणालीलाई थप बैज्ञानिक र व्यवहारिक बनाउदै लगिनेछ।

१९६. सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन संगठनको कार्यवोझ, कार्य प्रकृति, वृत्ति विकास पथको सुनिश्चितता र पदसोपानको अनुपात समेतका आधारमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय र निकायको संगठन संरचना पुनरावलोकन गरी चुस्त बनाईनेछ।

१९७. प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सिटरोल, सम्पत्ति विवरण लगायत अन्य वैयक्तित

अभिलेखलाई व्यवस्थित गर्न राष्ट्रिय किताबखानासँग समन्वय गरी प्रदेश किताबखानाको स्थापना गरी संचालनमा ल्याईनेछ।

**सभामुख महोदय,**

१९८. **समृद्ध लुम्बिनी:आत्मनिर्भर प्रदेश**को संकल्पलाई साकार पार्न प्रस्तावित नीति कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने मेरो विश्वास छ। प्रदेश सरकारले प्रदेश सभा सदस्य, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज र आमजनताको राय सुझावलाई ग्रहण गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्बद्ध सबैको सहयोग रहने विश्वासका साथ प्रदेशको विकास र समृद्धिको अभियानमा सहभागिताका लागि आव्हान गर्दछु।

१९९. अन्त्यमा, लुम्बिनी प्रदेशको विकास र सुशासनको अभियानमा सघाउ पुऱ्याउनु हुने सम्पूर्ण प्रदेशवासी, प्रदेश सभाका माननीय सदस्य, राजनीतिक दल, स्थानीय तह, विद्वत वर्ग, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, राष्ट्रसेवक लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*धन्यवाद*